जि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ९० २०८२ साल कात्तिक १८ गते मंगलबार (4 Nov 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल कम्युनिष्ट पार्टीको... ३ पृष्ठमा : महिनावारीसँग जोडिएको... ३ पृष्ठमा : पाकिस्तानले आणविक ...

## स्रोत नखुलेको ठूलो परिमाणको नगदसहित दुई पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, १७ कात्तिक ।**

सप्तरी प्रहरीले स्रोत नखुलेको ठूलो परिमाणको नगद रकम सहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिका वडा नं. २ स्थित कदमाहा-गाईघाट सडक खण्डबाट स्रोत नखुलेको २३ लाख नगद सहित दुईजनालाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा झापाको दमक नगरपालिका वडा नं. ५ का २८ वर्षीय गाडी चालक किरण सिटौला र सोही गाडीमा सवार १९ वर्षीय धिरज प्रसाई रहेका छन् ।

आइतबार राति ८:५० बजे इलाका प्रहरी कार्यालय भेडिया कार्यालय अगाडीको चेकपोस्टमा खटिएको टोलीले सगरमाथा राजमार्ग अन्तर्गत गाईघाट-कदमाहा सडक खण्डमा चेकजाँच गर्ने क्रममा बा.प्रदेश ०१-०२८ च ५००८ नम्बरको पिकअप गाडी रोकेर चेकजाँच गर्दा नगद २३ लाख फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीले गाडी, रकम, दुई थान मोबाइल र दुईजनालाई नियन्त्रणमा लिई अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

प्रहरीका अनुसार सोही गाडीबाट साइकलमा हावा भर्ने पम्प एकसय थान, इलेक्ट्रिक रिक्साको मोटर तीन थान, इलेक्ट्रिक साइकलको व्याट्री ३१ थान, इलेक्ट्रिक स्कुटरको व्याट्री तीन थान, इलेक्ट्रिक व्याट्री चार्जर ७ थान र व्याट्री टेस्टर थान एक थान गरी ६० मुल्य बराबरको सामान समेत नियन्त्रणमा लिईएको छ ।

## दैनिक एक हजार थान राहदानी उपलब्ध गराइने

**दैनिक समाचारदाता**
**काठमाडौँ, १७ कात्तिक ।**

राहदानी विभागले दैनिक एक हजार थान राहदानी वितरण गरिने स्पष्ट पारेको छ ।

विभागले सोमबार साँझदेखि दैनिक (सार्वजनिक विदाको दिन बाहेक) राहदानी उपलब्ध गराउने जनाएको हो । विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग गत साउनमा खरिद सम्झौता गरिसकेको र उक्त सम्झौताअनुसार आगामी फागुन ११ देखि राहदानी सेवा सुरु हुने गरी नयाँ पूर्वाधार तथा प्रणाली निर्माण भइरहेको सोमबार जारी विज्ञप्तिमा उल्लेख गरेको छ ।

नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने सङ्क्रमणकालीन अवस्था (ह्याण्डओभर र टेकओभर) तथा राहदानी पुस्तिकाको सीमित सङ्ख्या र सेवाग्राहीको उच्च मागलगायतका कारणले राहदानी वितरणमा केही समस्या हुन गएको विभागले जनाएको छ ।

उक्त अवधिसम्म राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक पहल भइरहेको र अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक पर्ने सेवाग्राहीले मात्रै राहदानीका लागि आवेदन गर्न विभागले सबैलाई आग्रह गरेको छ । राहदानीका विषयमा अनधिकृत व्यक्तिको भर नपर्न, त्यस्ता व्यक्तिबाट हुन सक्ने ठगीबाट सावधान रहन विभागले ध्यानाकर्षण गराएको छ ।

## दलित बालबालिकाको विद्यालय सहभागिता बढाउन 'घरदैलो' अभियान

**दैनिक समाचारदाता**
**सिरहा, १७ कात्तिक ।**

यहाँका सामुदायिक विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थी दलित र विपन्न समुदायका भए पनि उनीहरूको विद्यायलमा नियमित उपस्थिति नदखिएपछि लहान-११ स्थित पिडरबोनी माध्यमिक विद्यालयले शैक्षिक जागरणको 'घरदैलो' अभियान सुरु गरेको छ ।

प्रधानाध्यापक र शिक्षकहरूको टोली अहिले दलित बस्तीमा पुगेर अभिभावकहरूलाई आफ्ना बालबालिकालाई नियमित विद्यालय पठाउन प्रेरित गरिरहेको छ ।

प्रधानाध्यापक वीरेन्द्रकुमार यादवले विद्यालयको जिम्मेवारी सम्हालेको तीन महिनाको अवधिमा अधिकांश दलित समुदायका विद्यार्थीहरू बढी अनुपस्थित रहने गरेको पाइएपछि त्यसलाई सुधार गर्न यो अभियान थालिएको बताए । उनले भने, "प्रधानाध्यापक भएर आएको तीन महिनाको समयमा विद्यार्थी सङ्ख्या हेर्दा अधिकांश दलित समुदायका विद्यार्थीहरू रहेका पाइयो । चाहे अनुसारको शैक्षिक सुधार गर्न कठिनाइ भएपछि दलित बस्तीमा पुगेर त्यहाँका बालबालिकालाई नियमित विद्यालय पठाउन उत्प्रेरित गरिरहेका छौँ ।"

अभियानका क्रममा दलित बस्तीमा सामाजिक चेतनाको अभावका कारण बालबालिकाहरू विद्यालय पठाउन उत्सुक अभिभावक नपाइएको प्रधानाध्यापक यादवको भनाइ छ । समाजमा पछि परेका समुदायहरूलाई मुक्ति दिलाउने एक मात्र हतियार शिक्षा भएको भन्दै उनले सम्पूण सरोकारवालाहरूलाई चेतना अभिवृद्धि गर्नतर्फ अग्रसर भइदिन आग्रह गरे ।

दैलोमा आएर नियमित विद्यालयमा विद्यार्थी पठाउन विद्यालयका प्रअ शिक्षककहरूले आएर दिएको जनचेतनाले अब नियमित विद्यालय पठाउन स्थानीय अभिभावक रामउद्गार मरिकले प्रतिबद्धता व्यक्त गर्दै भने, "निम्न वर्गका समुदायलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको महसुस पनि भयो ।"

दलित अगुवा तथा लेखक राजेश राम विद्रोहीका अनुसार मधेस प्रदेशका डुम र मुसहर समुदायका बालबालिकाहरू अझै पनि विद्यालयभन्दा टाढा रहेका छन् । दलित विद्यार्थीलाई विद्यालयमा नियमित गराउने सम्बन्धमा पिडरबोनी माविको प्रयासको प्रशंसा गर्दै उनले मधेस प्रदेशका डुम र मुसहर समुदायका बालबालिकाहरू अहिले पनि बाल श्रमिक र बालविवाहको जोखिममा रहेकाले यस्तै किसिमको जनचेतना सबै सामुदायिक विद्यालयले दलित बस्तीहरूमा फैलाउनुपर्नेमा जोड दिए ।

दलित विद्यार्थीलाई विद्यालयमा नियमित गराउन नगरले पनि चासो दिएको छ । त्यसका लागि नगरले यस वर्षदेखि दलित बालबालिकालाई निःशुल्क कपी-पेन्सिल वितरण र दलित बस्तीमा ४१ वटा ट्युसन कक्षा सञ्चालनको व्यवस्था गरेको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए । "पिडरबोनी विद्यालयले सुरु गरेको अभियानलाई हामी नगरका सबै ५९ सामुदायिक विद्यालयमा विस्तार गर्दैछौं," चौधरीले बताए ।

## आठ पार्टीबीच कात्तिक १९ गते एकता हुने

काठमाडौं, १७ कात्तिक (रासस) ।

यही कात्तिक १९ गते विभिन्न आठ पार्टीबीच एकता हुने भएको छ । ती पार्टीले आइतबार 'पार्टी एकता सहमति पत्र' जारी गरी १९ गते एकता घोषणा गर्ने जनाएका हुन् ।

सहमति पत्रमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी नेकपा (माओवादी-समाजवादी), नेपाल कम्युनिष्ट पार्टी (चिरन पुन) र नेकपा (साम्यवादी) का नेताहरूले हस्ताक्षर गर्नुभएको छ ।

सहमति पत्रमा भनिएको छ, "पार्टीको एकता राष्ट्रिय सम्मेलन एकता प्रक्रियामा सहभागी सबै घटकका केन्द्रीय समितिको संयुक्त भेलाको रूपमा एकता राष्ट्रिय सम्मेलनको आयोजना २०८२ कात्तिक १९ गते गरिने छ । एकता राष्ट्रिय सम्मेलनबाट पार्टी एकताको घोषणा, घोषणा पत्र र अन्तरिम विधान पारित र केन्द्रीय समितिको गठनलगायत कार्य गरिने छन् ।"

पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, नेपाली क्रान्तिको कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद, पार्टीको तत्कालीन कार्यनीति पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रुपान्तरण गर्दै समाजवादको आधार तयार गरिने जनाइएको छ ।

पार्टी एकताबारे थप प्रष्ट पार्दै भनिएको छ, "पुँजीवादी जनवादी क्रान्तिको उपलब्धिको रूपमा रहेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रिय स्वाधीनताको रक्षा, सुशासन, सामाजिक न्याय र आर्थिक सामाजिक रुपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको वस्तुगत आवश्यकता हो ।"

आन्दोलनको स्वरूपमा आन्दोलन मूलतः शान्तिपूर्ण हुने र परिस्थितिअनुसार सडक, सदन र सरकारलगायत सबै मोर्चा प्रयोग गरिने उल्लेख छ । यस्तै, आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजना गरिने सहमति पत्रमा जनाइएको छ ।

सहमति पत्रमा भनिएको छ, "केन्द्रीय समितिको गठन एकता प्रक्रियामा सहभागी भएका पार्टीहरूका साविकका केन्द्रीय समितिहरूलाई समायोजन गर्दै आपसी सहमतिको आधारमा केन्द्रीय समिति गठन गरिने छ, केन्द्रीय समितिभित्रको संरचना केन्द्रीय समिति, राजनीतिक समिति, सचिवालय, कार्यसंयोजन समिति हुनेछ ।"

**बिपद्को पूर्व तयारी गरौं।**

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चटयाङजस्ता विपद्जन्य जोखिमबाट जोगिनः

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं.
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं.
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं.
- विद्यालय, कार्यालय र समुदायमा विपद् व्यवस्थापन योजना बनाऔं.
- अफवाह नफैलाऔं — आधिकारिक जानकारीमा मात्र भर परौं।

विपद् रोक्न सकिँदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### व्यापारको अवस्थाप्रति गम्भिर बनौं

अहिले मुलुक भरीको व्यापार व्यवसायको अवस्था दयनिय छ। विभिन्न समस्याका कारण मुलुककै उद्योग, व्यापारको अवस्था दयनिय बनेको हो। उद्योगहरु बन्द भइरहेका छन् भने बजारको दयनिय अवस्थाका कारण व्यापार खस्किदो छ। यता सप्तरी जिल्लामा भने व्यापारको अवस्था निकै गम्भिर अवस्थामा पुगेको छ। विभिन्न नाकाहरुबाट चोरी निकासी भई जिल्लामा सामानहरु भित्रिनुले व्यापार चौपट बन्दै गएको हो। स्थानिय बजारमा व्यापारको अवस्था खस्किदो छ।

सुरक्षा निकायले नाकाहरुमा कडाई गर्नु पर्ने अवस्था रहेको छ। नियमपूर्वक सामानहरुको ढुवानी गर्दा समेत अवैध भनेर प्रहरी प्रशासनले ती सामानहरु पक्रने प्रविधिले समेत उद्योग व्यापारीहरु फ्नै मारमा पर्ने गरेका छन्। भ्याट वा पानमा बिल देखाउँदा समेत त्यसलाई नमानी प्रहरीले ती सामानहरुलाई राजश्व कार्यालय पठाउने गर्दा व्यापारीहरुलाई ठूलो घाटा हुने गरेको छ। एकातिर नाकाहरुबाट भन्सार छलेर ल्याउने सामान, प्रहरी प्रशासनको ज्यादतीका कारण पनि व्यापारीहरु थप मारमा परेका छन्।

तसर्थ यस्ता समस्याप्रति तीनै तहका सरकारसहित सरोकारवाला निकाय गम्भिर हुनु पर्ने आवश्यक छ।

# नेपाल कम्युनिष्ट पार्टीको ऐतिहासिक विकास क्रम, वाम एकता र आजको आवश्यकता

**प्रेमचन्द्र झा**

नेपालमा कम्युनिष्ट आन्दोलनको सुरुवात सन् १९४९ (२००६ साल) मा भएको हो। यसको संस्थापक महासचिव कमरेड पुष्पलाल श्रेष्ठ थिए। नेपालमा राणा शासनको निरंकुशताको विरुद्धमा उठेका विभिन्न राजनीतिक धारहरूमध्ये कम्युनिष्ट विचारधाराले नेपाली समाजमा महत्वपूर्ण प्रभाव पार्न थालेको थियो।

२००६ साल वैशाख १० गते, भारतको कलकत्ताको श्यामबजारमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरियो। यो पार्टीले पहिलो पटक नेपाली जनताका पक्षमा वैज्ञानिक समाजवाद, वर्गीय संघर्ष र सामाजिक न्यायको अवधारणा ल्यायो। २०१० सालमा पहिलो महाधिवेशनमा मनमोहन अधिकारी महासचिव बने। २०१४ सालमा दोस्रो महाधिवेशन पनि मनमोहनकै नेतृत्वमा भयो। २०१७ सालमा केशरजंग रायमाझीले राजा महेन्द्रको 'शाही' कूको समर्थन गरेपछि पार्टीमा ठूलो विभाजन आयो।

२०२८ सालमा झापा विद्रोह भयो, जसलाई मालेले नेतृत्व गर्‍यो। यो सशस्त्र संघर्ष थियो र यसले पार्टीलाई विद्रोही धारतर्फ मोड्यो। कमरेड सीपी मैनाली मालेका महासचिव बने। त्यसपछिका वर्षहरूमा निरन्तर विभाजन र समूहहरूको निर्माण भयो। पुष्पलाल समूह, चाउम, मसाल, मार्क्सवादी, मसाल-मशाल जस्ता दर्जनौं उपसमूहहरू बन्न थाले। नारायणमान विजुक्छेले नेमकिपा गठन गरे। २०३५ मा माले फेरि पुनर्गठित भयो।

२०४६ सालमा प्रजातान्त्रिक आन्दोलनमा वामपन्थी दलहरू अग्रपंक्तिमा थिए। २०४७ मा माले र मार्क्सवादी एकीकृत भई नेकपा (एमाले) बने। यही वर्ष मसालबाट बाबुराम भट्टराई, रूपलाल विश्वकर्मा, चाउम मिलेर एकता केन्द्र गठन भयो। २०५२ साल फागुन १ गते माओवादी जनयुद्ध सुरू भयो, जसले नेपालमा राज्य सत्ता नै हल्लाइदियो। २०५४ मा एमालेबाट वामदेव गौतम अलग भई माले गठन गरे, तर पछि २०५८ मा पुनः एकता भयो।

२०६५ मा माओवादी र एकता केन्द्र मिलेर नयाँ माओवादी पार्टी बने। २०७० मा वैद्य समूह विभाजित भई नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वमा नयाँ पार्टी गठन गरियो। २०७४ सालमा एमाले र माओवादी केन्द्रबीच सातबुँदे सहमति भयो र २०७५ साल जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भयो। २०७७ फागुन २३ गते नेकपा विघटन भयो र एमाले र माओवादी केन्द्र अलग-अलग भए। २०७८ भदौ ९ गते माधवकुमार नेपाल नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) गठन भयो।

नेपालको कम्युनिष्ट आन्दोलनले देशको राजनीति परिवर्तनमा ऐतिहासिक भूमिका निर्वाह गरेको छ। तर, विडम्बना यो थियो कि यो आन्दोलनले एकताको नाममा धेरै पटक विघटन, विभाजन, पुनर्गठन र पुनः एकताको चक्र पूरा गर्‍यो। एकता भएका बेला साझा विचारधारा–मार्क्सवाद, लेनिनवाद र माओवादी सिद्धान्तलाई जग बनाएर पार्टीहरू एक भएका थिए। जनयुद्ध, जनआन्दोलन र राजनीतिक संघर्षको साझा पृष्ठभूमिले उनीहरूलाई एक ठाउँमा ल्यायो। लोकतन्त्रपछिको शक्ति सन्तुलन र संसदीय बहुमत प्राप्त गर्ने लालसाले पनि पार्टीहरूलाई नजिक ल्यायो।

तर, व्यक्तिगत अहंकार नेता नेता बिचको लडाइँ, गुटबन्दी, र आन्तरिक लोकतन्त्रको अभावले गर्दा ती एकता लामो समय टिक्न सकेनन्। सशस्त्र संघर्ष भर्सेज संसदीय मार्ग, संविधानप्रति दृष्टिकोण, शान्ति प्रक्रिया आदिमा देखिएका मतभेदले एकताको जग कमजोर भयो। सत्ताको लालच, प्रधानमन्त्री बन्ने-बनाउने झगडाले गर्दा विचारभन्दा पदले प्राथमिकता पायो।

आजको नेपालमा वामपन्थी विचारधारा कमजोर हुँदै गएको छ भन्ने गुनासाहरू बढ्दो छ। जसले गर्दा वाम एकताको आवश्यकता अझ सशक्त रूपमा महसुस गरिएको छ। बारम्बार सरकार परिवर्तन, गठबन्धन राजनीति र नीति निरन्तरताको अभावका कारण जनतामा राजनीति प्रति विश्वास घटेको छ। आर्थिक रूपमा बेरोजगारी, मुद्रास्फीति, तथा उत्पादनमुखी अर्थतन्त्रको अभावले देशलाई गम्भीर संकटतर्फ डोर्‍याइरहेको छ। जनताको बामपन्थी शक्तिप्रति पनि मोहभंग हुन थालेका छन्।

यस्तो स्थितिमा वाम एकता किन आवश्यक छ? पहिलो, जनतामा नयाँ राजनीतिक विकल्पको आवश्यकता छ। जनताले पुराना पार्टीप्रति विश्वास गुमाउँदै छन् र नयाँ शक्ति खोज्दै छन्। दोस्रो, सशक्त जनप्रतिनिधित्वका लागि–विभाजित वामपन्थी दलहरू कमजोर चुनावी नतिजा ल्याइरहेका छन्, जसले प्रतिगमनकारी शक्तिहरूलाई फाइदा पुर्‍याइरहेको छ। तेस्रो, सैद्धान्तिक स्पष्टताका लागि–एउटै मंचमा बहस गरेर स्पष्ट राजनीतिक र विकासको रणनीति बनाउन सकिन्छ।

तर यस्तो वाम एकता केवल चुनावी तालमेलमा सीमित हुनु हुँदैन। दीर्घकालीन रणनीति, वैचारिक स्पष्टता र राजनीतिक प्रशिक्षण अत्यावश्यक छ। नेताहरूले सैद्धान्तिक अनुशासन पालना गर्नुपर्छ। गुटबन्दी र अवसरवादी प्रवृत्तिलाई अन्त्य गरेर, लोकतान्त्रिक मूल्य र प्रक्रियालाई अंगाल्नु आवश्यक छ। समाजको सबै वर्ग–श्रमिक, किसान, महिला, दलित, आदिवासी, युवा–को हितमा कार्यक्रम ल्याउनु आवश्यक छ। युवालाई आकर्षित गर्ने विचार, संगठन र नेतृत्व विकासको योजना आवश्यक छ।

नेपालको कम्युनिष्ट आन्दोलन केवल राजनीतिक सत्ता प्राप्तिको यात्रा मात्र थिएन, यो समाज रूपान्तरणको आन्दोलन पनि थियो। वर्गीय विभेद, जातीय उत्पीडन, लैंगिक असमानता, क्षेत्रीय पछौटेपन जस्ता सामाजिक मुद्दाहरूमा वाम आन्दोलनको भूमिका निर्णायक रह्यो। यस आन्दोलनले नेपालमा वर्गीय चेतना बढायो। मजदुर, किसान, शिक्षक, स्वास्थ्यकर्मी आदिलाई संगठित गर्दै, उनीहरूका अधिकारको लागि आन्दोलन गर्‍यो। नेपाली इतिहासमा पहिलोपटक 'श्रमिकको सरकार' भन्ने भाषाशैली एमालेका सरकारहरूमार्फत परिचित भयो। न्यूनतम ज्याला वृद्धि, श्रमिक हकहितका कानुन निर्माण, ट्रेड युनियन सुदृढीकरण, कृषिमा जमिनको जोताहालाई जग्गा स्वामित्व दिलाउने नीतिहरू ल्याइए।

कम्युनिष्ट आन्दोलनले जातीय पहिचानको सवाललाई राजनीतिक एजेण्डा बनायो। जनयुद्धको समयमा महिला सहभागिता लगभग ४०% भन्दा बढी थियो। थारू, मगर, लिम्बु, तामाङ, दलित समुदायहरूको राजनीतिक चेतना उच्च बन्यो। लैंगिक समानताको सवालमा महिलालाई नेतृत्वमा ल्याउने प्रयासहरू भएका थिए। उदाहरणका लागि, माओवादी आन्दोलनमा महिला कमान्डरहरूको संख्या उल्लेखनीय थियो।

१९९० को दशकमा विश्वविद्यालय, क्याम्पस र शैक्षिक क्षेत्रका युवाहरू कम्युनिष्ट विचारधाराप्रति आकर्षित भए। जनयुद्धको समयमा हजारौं शिक्षित युवाहरू ग्रामीण इलाकामा गएर 'सामाजिक रूपान्तरणको मिशन' लिए। तर, यिनै युवाहरू पछिल्ला वर्षमा राजनीतिप्रति मोहभंग भएर वैदेशिक रोजगारीतर्फ गएका छन्। त्यसैले, यो आन्दोलनको सामाजिक आधार क्रमशः कमजोर हुँदै गइरहेको देखिन्छ।

नेपालको कम्युनिष्ट आन्दोलन केवल आन्तरिक घटनाबाट प्रभावित छैन। विश्वका प्रमुख कम्युनिष्ट आन्दोलनहरू – चीनको माओवादी क्रान्ति, सोभियत संघको बोल्शेभिक क्रान्ति, भारतको नक्सलवादी आन्दोलन – नेपालका वामपन्थीहरूमा गहिरो प्रभाव परेको छ। एमाले धारले सामूहिक नेतृत्व, संसदीय सहभागिता र उदार समाजवादी मार्ग अँगालेको छ, जसमा सोभियत शैलीको प्रभाव छ। माओवादी धारले माओको सैद्धान्तिक लाइन – सशस्त्र विद्रोह, जनसत्ता, नवजनवादी क्रान्तिलाई अपनायो। भारतमा वामपन्थी आन्दोलनसँग नेपालका वामपन्थीहरूका ऐतिहासिक सम्बन्ध छन्। चीनसँगको सम्बन्धमा, विशेषतः २०६२/६३ को आन्दोलनपछि माओवादी र चीनबीचको कूटनीतिक संवाद महत्वपूर्ण बन्यो।

नेपालको वामपन्थी सफलताप्रति पश्चिमी मुलुकहरूले विशेष ध्यान दिएको पाइन्छ। विशेष गरी जनयुद्धको समयमा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा नेपालको स्थानबारे बहस भएको थियो। अमेरिका, युरोपेली संघ लगायतका देशहरूले माओवादी आन्दोलनलाई 'आतंककारी' सूचीमा राखेका थिए, जुन पछि शान्ति प्रक्रियामा आएका कारण हटाइएको थियो। यसले देखाउँछ कि नेपालको कम्युनिष्ट आन्दोलन केवल आन्तरिक संघर्ष मात्र होइन, अन्तर्राष्ट्रिय भू-राजनीतिक समीकरणसँग पनि सम्बन्धित थियो।

आजको राजनीतिक परिदृश्यमा वाम शक्तिहरू तीनदेखि चार भागमा विभाजित छन् – नेकपा (एमाले) केपी शर्मा ओलीको नेतृत्वमा, नेकपा (माओवादी केन्द्र) प्रचण्डको नेतृत्वमा, नेकपा (एकीकृत समाजवादी) माधवकुमार नेपालको नेतृत्वमा, र विप्लव नेतृत्वको नेकपा, जुन भूमिगत अवस्थाबाट बाहिर आएपनि संगठित शक्ति बन्न सकेको छैन। यी पार्टीहरूको विचार, रणनीति र कार्यशैलीमा आन्तरिक भिन्नता रहँदै आएको छ।

एमालेले संसदीय समाजवाद र राष्ट्रवादलाई जोड दिएको छ, जसमा मध्यमार्गी राष्ट्रियताको स्वरूप देखिन्छ। माओवादी केन्द्रले अझै क्रान्तिकारी सुधारवाद र वर्ग संघर्षको एजेण्डा बोकेको छ, यद्यपि व्यवहारमा सत्तासँग सम्झौता गर्दै आएको छ। एकीकृत समाजवादी बहुलवादी समाजवादको धारणासहित सन्तुलनकारी भूमिका निर्वाह गर्ने प्रयासमा छ।

यी सबैको बिचमा विचारगत मतभेद, नेताहरूबीचको अविश्वास, र सांगठनिक स्वार्थले गर्दा वाम आन्दोलन कमजोर हुँदै गएको छ। यसको समाधानका लागि के गर्न सकिन्छ?

वाम एकताका लागि पहिला सैद्धान्तिक सहमति अपरिहार्य छ। सबै वाम घटकहरूले विचार, मार्ग, रणनीति र कार्यक्रमको साझा न्यूनतम दस्तावेज तयार गर्नुपर्छ। 'पुनः क्रान्ति या सुधार' भन्ने बहसको सट्टा सामाजिक न्याय, आर्थिक समानता र समावेशी विकासमा केन्द्रित दृष्टिकोण आवश्यक छ। सांगठनिक अनुशासन र आन्तरिक लोकतन्त्रको अभ्यास बलियो बनाइनुपर्छ। गुटबन्दी, अवसरवाद र नेतावादी प्रवृत्तिहरूको अन्त्य बिना जनताको विश्वास जित्न सकिन्न।

जनमुखी कार्यक्रम, श्रमिक-किसान-विद्यार्थी-महिला-दलित-आदिवासीको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने नीतिहरू निर्माण गर्नुपर्छ। वाम आन्दोलनले फेरि समाजसँग प्रत्यक्ष संवाद गर्न थाल्नुपर्छ। राजनीतिक भाषाशैली, संगठनको संरचना र कार्यशैलीलाई समय सापेक्ष र जनमुखी बनाउनु आवश्यक छ।

नेपालको राजनीतिक संक्रमण अझै समाप्त भइसकेको छैन। संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता जस्ता मुद्दाहरू

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# महिनावारीसँग जोडिएको स्वास्थ्य

डा. अरुणा उप्रेती

काठमाडौँ, १७ कात्तिक (रासस)।

किशोरी र महिलाको महिनावारीका बारेमा अनेक वृत्तचित्र, चलचित्र बनेका छन् र ४०-४५ वर्षपछि महिलाको रजनोवृत्ति अर्थात् महिनावारी बिस्तारै सुक्दै जाने समस्याका बारेमा न त प्राय: छलफल हुन्छ, न यसका बारेमा महिला स्वास्थ्यसम्बन्धी अनुसन्धान गरिन्छ।

महिनावारी सुक्नु रोग होइन तर जसरी महिनावारी हुँदा कसैकसैलाई साधारण समस्या हुन सक्छ, महिनावारी सुक्दा पनि साधारण समस्या देखापर्नु स्वाभाविक हो भनेर बुझ्नसके महिलालाई सजिलो हुने थियो। "मेरो महिनावारी ४५ वर्षमा सुकेको थियो। पहिले त मलाई केही तातो हुने, खलखली पसिना पनि आउँथ्यो। मलाई मेरो साथीले हर्मोन औषधि दिइन् तर त्यसले मलाई झन् समस्या गरायो। मैले औषधि पनि छोडेँ र मैले त यस अवस्थालाई सामान्य रूपमा लिएको छु। अहिलेसम्म रजोनिवृत्तिका समस्या भएको छैन," ७५ वर्षीया एक जनस्वास्थ्य विज्ञले केही दिनअघि मलाई इमेलमा लेखेकी थिइन्।

"मेरो महिनावारी सुकेको चार वर्ष भयो। पहिलेपहिले त कहिले दुई/तीन महिनामा हुन्थ्यो। त्यतिबेला केही बढी रगत जान्थ्यो। फापर, ढिँडो, सिस्नो खाएँ। मलाई ढुक्क पो भएको थियो। मलाई कुनै समस्या नै भएन," गाउँकी एक महिलासँगको भेटमा भनेकी थिइन्।

नेपाली महिलाको महिनावारी सामान्यतया ४५-५२ वर्षको उमेरको हाराहारीमा पुगेपछि बन्द हुन्छ। अन्तरराष्ट्रियस्तरमा अमेरिकी तथा जापानी महिलाका बीचमा अधिकांश रजोनिवृत्तिपछिको अवस्थालाई लिएर धेरै अनुसन्धान भएको पाइन्छ। नेपालमा भने 'मेनोपोज सिमटम इन नेपाल'की डा कान्ति गिरीले सन् २००१ मा काठमाडौँ, भक्तपुर, ललितपुर, कास्की, मकवानपुर र चितवनका १५० महिलामा गरिएको एउटा अध्ययन पाइन्छ। रजोनिवृत्ति वा महिनावारी सुकेपछि कतिपय महिलालाई केही समस्याहरू पर्न सक्छन्। यद्यपि, धेरै महिलालाई केही समस्या पर्दैन। यो कुनै रोग होइन भनेर मानिसहरूले बुझ्न गाह्रो भएकाले र महिनावारी सुकेपछि के औषधि गर्ने भन्ने प्रश्न पनि नेपाली महिलाहरूले गर्छन्।

परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्दा पनि महिनावारी गडबड हुन सक्छन्। गाउँघरमा त ५० वर्षसम्म पनि यसरी कतिपय महिलाले डिपो वा नरप्लान्ट (परिवार नियोजनका साधन) प्रयोग गर्दा महिनावारी नै नहुने हुन्छ। अनि महिनावारी सुकेको हो कि यो साधनको प्रभावले भएको हो भन्ने छुट्याउन नै गाह्रो पर्छ। लगातार यस्तो साधन प्रयोग गर्दा हड्डी 'फुसफुसे' भएर भाँचिने समस्या हुन्छ। त्यसैले ३५ वर्षपछि परिवार नियोजनका साधन प्रयोग गर्दा बढी होसियार हुनुपर्छ। तर यो विषयमा कतै छलफल नै हुँदैन।

रजोनिवृत्तिको बेला कसैलाई समस्या हुन्छ, कसैलाई हुन्न भनेर जाँच्ने यन्त्र त छैन। तर भोजन, आराम, सकारात्मक विचारले समस्या हुनेलाई पनि, समस्या नहुनेलाई पनि स्वास्थ्य राम्रो हुन्छ। तर युवावस्थामा शरीरलाई मोटो बनाएर, व्यायाम नगरेर सबै कुरा उमेर ढलेपछि गरौंला भनेर भनियो भने रजोनिवृत्तिमा समस्या हुन सक्छ। त्यसैले पहिले नै होस पुऱ्याए राम्रो हुन्छ।

मेरी आमाको ४५ वर्षमा नै रजोनिवृत्ति भयो मेरो १० वर्षअघि ५० वर्षमा नै भयो, केही समस्या नै भएन। तर कसै कसैलाई राति निन्द्रा नलाग्ने, रिस उठ्ने, खान मन नलाग्ने र कसै कसैलाई जिउ चिलाउने र स्तनको आकार सानो हुँदै जान सक्छ। यसको कारण शरीरमा एस्ट्रोजेन नामक हर्मोन कम हुँदै जानु हो। चुरोट र सूर्ती प्रयोग गर्ने महिलाहरूलाई यस्तो समस्या बढी हुने गरेको देखिएको छ। त्यसैले स्वस्थ रहने हो भने गाउँघरका महिलालाई चुरोट र तमाखु छोड भन्नै पर्छ। तर नेपालको गाउँघरमा महिलाहरूलाई धुमपान र स्वास्थ्यमा पर्ने असरको बारेमा प्राय थाहा हुँदैन।

प्राय: कति जनालाई त थाहा पनि हुँदैन कि महिनावारी बन्द हुने प्रक्रिया एकैपल्टमा हुँदैन। सुरुआतमा महिनावारी कहिले हुने, कहिले नहुने वा दुई-तीन महिना बिराएर हुने गर्छ। यो महिनावारी बन्द हुने प्रक्रिया हो भन्ने नबुझ्दा कतिले त मलाई रोग लाग्यो कि भनेर डराउँछन्। अनि लौ पाठेघरको क्यान्सर भयो भनेर तर्सिन्छन्।

रजोनिवृत्तिको विषयमा भएका अनुसन्धानहरूले के देखाएका छन् भने यस्ता समस्याहरूलाई महिलाहरूको भोजन, शारीरिक व्यायाम, जीवन प्रतिको दृष्टिकोण, मानसिक तनाव आदि कुराले धेरै फरक पार्छ। साथै युवावस्थाको स्वस्थ खानपिनले पनि धेरै भूमिका खेल्छ। जीवनमा पछि पैसा चाहिन्छ भनेर बैंकमा पैसा राख्ने महिलाहरूले रजोनिवृत्ति पनि स्वस्थ रहोस् भनेर युवावस्थादेखि नै स्वास्थ्यमा लगानी गर्नुपर्छ। अर्थात स्वस्थ खाना, स्वस्थ जीवनशैली अपनाउनुपर्छ। कतिपय महिलाले पनि यसलाई उमेरअनुसारको स्वाभाविक प्रक्रिया ठान्दछन् भने कतिपयले धर्म-कर्मतर्फ लाग्ने समयको रूपमा पनि लिएको पाइन्छ। अहिले त रजोनिवृत्ति भइसकेका महिलाहरू अफिसमा काम पनि गरिरहेका हुन्छन्।

रजोनिवृत्तिको अवस्थामा पुगेपछि स्वास्थ्यको विशेष ध्यान राख्नु पर्ने चाहिँ हुन्छ। ३५-४० वर्षको उमेरपछि नै शरीरका हाडमा घनत्व कम हुँदै जान्छ, रजोनिवृति भएपछि या झन बढ्न जाने हुनाले शारीरिक व्यायाम, भोजन आदिमा विशेष ध्यान दिनुपर्छ। विभिन्न अध्ययनले देखाएका छन् तातो हुने धेरै पसिना आउने आदि रजोनिवृत्ति हुँदा हुने समस्यालाई कम गर्न भटमासको प्रयोग गर्नुपर्छ। प्रोटिन र लौहतत्व पाइने र भटमासको विशेष तत्वले मुटुको रोगबाट बचाउन मद्दत पनि गर्छ। शरीरमा एस्ट्रोजनको कमी हुँदै जाँदा छालामा रहेको चिल्लोपन हराउँदै जानसक्छ। यस्तो बेलामा छाला र गुप्ताङ्गमा चिलाउने समस्या हुनसक्छ। यस्तो बेलामा तोरी, नरिवल, तिल, बदामको तेल प्रयोग गर्न उचित हुन्छ।

केही महिलाहरूलाई रजोनिवृत्ति अवस्थामा मन दिक्क हुने, मन छिनछिनमा परिवर्तन हुने हुन्छन्। यस्ता परिवर्तन कतिले सजिलै आत्मसाथ गर्न सक्छन् त कतिलाई यस्ता परिवर्तनले चिन्तित बनाउँछ। यस्ता परिवर्तनले कस्तो असर गर्छ भन्ने कुरा महिलाको शारीरिक अवस्था र सम्पूर्ण स्वास्थ्य स्थितिले पनि निश्चित गर्छ। यससँगै ती महिलाको आर्थिक स्थिति, कामकाज, पारिवारिक जीवन, सामाजिक जीवन, परिवर्तनलाई आत्मसाथ गर्नसक्ने क्षमता तथा रीतिरिवाजले पनि निश्चित गर्छ। यो मानसिक रोग होइन तर यस्तो समस्याले धेरै दु:ख दिए मनोचिकित्सकसँग परामर्श लिन सकिन्छ।

व्यायाम गर्ने महिलाहरूलाई रजोनिवृत्ति भएपछि शरिर एकैछिनमा तातो हुने, एकैछिनमा चिसो हुने समस्या पनि केही कम गर्छ। "५० वर्ष पुगेपछि मेरो घुँडा दुख्ने समस्या भएको थियो, महिनावारी पनि सुक्यो। तर बिस्तारै व्यायाम गरेपछि दुखाई कम हुन्छ। अहिले मैले नियमित रूप• पमा योग गर्न थालेको छु। मलाई रमाइलो लाग्छ", ६० वर्षीय निलिमाले भनेको कुरा मलाई साह्रै घत लागेको थियो। व्यायामलाई बोझको रूपमा नलिएर आफूलाई फाइदा पुऱ्याउँछ भन्ने विश्वास गरेपछि अलिअलि गर्दै व्यायाम गर्ने बानी पर्दै जान्छ, स्वस्थ भइन्छ। रजोनिवृत्ति समस्या बन्दैन।

रजोनिवृत्ति भएकी महिलालाई मानसिक तनावले पनि समस्या पर्न सक्छ। जस्तो कामको धेरै बोझ भए, धेरै थकाई, दिनदिनै झगडा भएमा, उमेर बढेपछि बुढो भए भनेर चिन्ता गरेमा मानसिक तनाव बढ्न जान्छ। यसरी महिनावारी सुक्दा तनाव धेरै पैदा भए शरीरलाई नै नकारात्मक असर गर्दछ। तनाव कम गर्ने धेरै उपायहरू छन्। कतिपय उपायहरू हामी हाम्रो जीवनमा उपयोग गर्छौं। कतिपय महिलाहरूले तनाव परेका बेला प्राथना गर्ने, योग गर्ने, ध्यान गर्ने, नाच्ने आदि गर्छन्। यस्ता क्रियाकलापले भावना व्यक्त गर्ने र आनन्दको भएर तनाव कम गर्न पनि मद्दत गर्छन्। महिनावारी सुक्ने बेलामा समस्याहरू कम होस् र शरिर स्वस्थ रहोस् भनेर स्वस्थ पोषणको साथै व्यायाम, हिँडाइबाट मानसिक तनाव, अनिन्द्रा, मोटोपन इत्यादि त घटाउँछ नै र आत्मविश्वास पनि बढाउँछ।

## नेपाल कम्युनिष्ट ...

कार्यान्वयनको चरणमा छन्। यस्तो अवस्थामा वाम शक्तिहरूले साझा मोर्चा बनाउन नसकेमा देश पुन: अस्थिरतातर्फ जान सक्छ। त्यसैले, वाम एकता केवल राजनीतिक गणित होइन, राष्ट्रको दीर्घकालीन स्थायित्व, विकास र जनताको विश्वास पुन:स्थापना गर्न आवश्यक ऐतिहासिक कार्यभार हो।

नेपालको कम्युनिष्ट आन्दोलनले देशलाई मुलुककै आधुनिक इतिहासको आधारशिला बनाउने योगदान दिएको छ। तर आजको सन्दर्भमा यो आन्दोलन दिशाहीन देखिन थालेको छ। निरन्तरको विभाजन, सत्ता मोह, वैचारिक अस्पष्टता र जनतावाट टाढिँदै गएको व्यवहारले गर्दा आन्दोलन संकटमा छ।

यस्तो अवस्थामा, वाम एकता केवल दलहरूबीचको समायोजन होइन, यो राष्ट्रको हितका लागि आवश्यक राष्ट्रिय कार्यभार हो। देशमा सामाजिक न्याय, समानता, समृद्धि र स्थायित्व ल्याउने सम्भावना अझै पनि वाम शक्तिसँग छ, तर त्यसका लागि पुनर्जागरण आवश्यक छ। संगठनलाई विचारभन्दा माथि राख्ने, सत्तालाई सिद्धान्तभन्दा अगाडि राख्ने प्रवृत्तिलाई पराजित नगरेसम्म नयाँ युगको सुरुवात सम्भव छैन।

"इतिहास सधैँ बलियो पक्षको साथ रहँदैन – सत्य, प्रतिबद्धता, र जनताको पक्षमा उभिन सक्नेहरू नै दीर्घकालीन विजेता बन्छन्।"

# 'डेडिकेटेड' र 'ट्रङ्कलाइन' विवाद : एक किस्तालाई विवादित रकम मान्नुपर्ने प्रस्ताव

काठमाडौँ, १७ कात्तिक (रासस)।

लामो समयदेखि सुल्झिन नसकेको 'डेडिकेटेड फिडर' र 'ट्रङ्कलाइन'को विद्युत् महसुल बक्यौता विवाद सुल्झाउनका लागि नेपाल उद्योग वाणिज्य महासङ्घले मध्यमार्गी प्रस्ताव गरेको छ।

उक्त विवादबारे सोमबार प्रधानमन्त्री सुशीला कार्कीले अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिल सिन्हा, मुख्य सचिव एकनारायण अर्याल, विभिन्न मन्त्रालयका सचिवहरू र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालसँग छलफल गर्नुभएको थियो।

छलफलका क्रममा डेडिकेटेड र ट्रङ्कलाइन विवाद समाधानको मध्यमार्गी प्रस्ताव आएको महासङ्घले जनाएको छ। उद्योगीहरूले नेपाल विद्युत् प्राधिकरणले यसअघि महसुल बक्यौता बुझाउने गरी दिएको सुविधा २८ किस्ताको एक किस्ता बराबरको रकमलाई किस्ताका रूपमा नभई विवादित रकम मानी धरौटीका रूपमा बुझाएपछि काटिएको विद्युत्को लाइन जोड्ने गरी मध्यमार्गी प्रस्ताव आएको महासङ्घले प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

विज्ञप्तिअनुसार उक्त धरौटी रकम बुझाएपछि उद्योगीहरू पुनरावलोकनमा जाने र सँगै अन्य कानुनी उपचार पनि खोज्न सक्नेछन्। त्यस्तै, सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदा नै सोही निवेदनमा आफ्नो असहमतिसमेत राखी पुनरावलोकन एवं अन्य व्यहोरा उल्लेख गरी पेस गर्न सक्नेछन्। अहिले करिब दुई दर्जन उद्योगको डेडिकेटेड र ट्रङ्कलाइन प्रयोग गरेबापतको प्रिमियम रकम नबुझाएको भन्दै प्राधिकरणले विद्युत् लाइन काटेको छ।

## विश्व समाचार

### पाकिस्तानले आणविक हतियार परीक्षण गरेको ट्रम्पको खुलासा

वासिङ्टन, १७ कात्तिक (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पाकिस्तान सक्रिय रूपमा आणविक हतियार परीक्षण गर्ने राष्ट्रहरूको सूचीमा परिरहेको खुलासा गर्नुभएको छ। उहाँले यो विषयलाई अन्य शक्तिशाली राष्ट्रहरूबीचको व्यापक प्रतिस्पर्धात्मक ढाँचाको रूपमा प्रस्तुत गर्दै अमेरिकाले पनि आफ्ना आणविक परीक्षणहरू पुन: सुरु गर्नु अपरिहार्य भएको बताउनुभयो। सिबिएस न्युजको '६० मिनेट्स' कार्यक्रममा आइतबार प्रसारण गरिएको अन्तर्वार्तामा ट्रम्पले रुस, चीन, उत्तर कोरिया र पाकिस्तानलगायतका देशहरूले निरन्तर आणविक परीक्षण गरिरहेको दाबी गर्नुभयो। उहाँका अनुसार, अमेरिका मात्रै यस्तो राष्ट्र बनेको छ जसले परीक्षण नगर्ने नीतिलाई निरन्तरता दिएको छ। "रुसले परीक्षण गर्छ, चीनले पनि गर्छ, तर उनीहरूले त्यसबारे बोल्दैनन्। हामी भने खुला समाज हौं, हामी फरक छौं। हामीले यसबारे जनतालाई जानकारी दिनैपर्छ, किनभने पत्रकारहरूले यो विषयमा रिपोर्ट गर्छन्। अन्य देशमा त पत्रकारहरूले यसबारे लेख्न पनि पाउँदैनन्", उहाँले भन्नुभयो, "हामी पनि परीक्षण गर्न जाँदैछौं, किनभने अन्य सबै राष्ट्रहरूले गरिरहेका छन्। निश्चित रूपमा उत्तर कोरियाले गरिरहेको छ र पाकिस्तानले पनि परीक्षण गरिरहेको छ।"

रुसले हालै पोसाइडन अन्डरवाटर ड्रोनसहित उन्नत आणविक क्षमतायुक्त प्रणालीको परीक्षण गरेपछि ३० वर्षभन्दा बढी समयपछि अमेरिका पुन: परीक्षणको तयारीमा रहेको प्रश्नमा उहाँले उक्त टिप्पणी गर्नुभएको हो। ट्रम्पले भन्नुभयो, "रुसले परीक्षण गर्ने घोषणा गरिसक्यो। उत्तर कोरिया निरन्तर परीक्षण गर्दैछ। अन्य देशहरूले पनि गरिरहेका छन्। परीक्षण नगर्ने एक मात्र देश हामी हौं र म यस्तो स्थिति रहोस् भन्ने चाहन्न।" उहाँले अमेरिकासँग विश्वका सबैभन्दा बढी आणविक हतियार रहेको दाबी गर्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सी जिनपिङसँग नि:शस्त्रीकरणबारे छलफल गरेको बताउनुभयो। ट्रम्पका शब्दमा, "हामीसँग विश्वलाई १५० पटक नष्ट गर्न सक्ने जति हतियारहरू छन्। रुससँग पनि धेरै छन् र चीनले तीव्र रूपमा वृद्धि गरिरहेको छ। उनीहरूसँग अहिले कम भए पनि चाँडै धेरै हुनेछ।"

यसअघि बिहीबार उहाँले रुसको हालैको उन्नत आणविक प्रणालीको परीक्षणलाई औँल्याउँदै अमेरिकाले तत्काल आणविक हतियार परीक्षण पुन: सुरु गर्ने घोषणा गर्नुभएको थियो। यसले दुई आणविक शक्तिहरूबीचको तनाव पुन: चर्किने सङ्केत दिएको छ। एयर फोर्स वानमा प्रस्थान गर्नुअघि पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भन्नुभयो, "आणविक नि:शस्त्रीकरण ठूलो कुरा हो, तर जब अरूले परीक्षण गर्छन्, हामीले पनि त्यसको जवाफ दिनैपर्छ। हामीसँग अरू सबैभन्दा धेरै आणविक हतियार छन्, तर हामी मात्र परीक्षण नगर्ने राष्ट्र बन्नु उचित हुँदैन।" उहाँले परीक्षणका लागि तयारी भइसकेको तर समय र स्थान खुलाउन नमिल्ने जानकारी दिनुभयो। विश्वव्यापी आणविक परिदृश्य अझ अस्थिर हुनसक्ने चिन्ताबारे सोधिएको प्रश्नमा उहाँले जवाफ दिनुभयो, "मलाई लाग्छ हामीले यसलाई राम्रोसँग नियन्त्रणमा राखेका छौं।" यसैबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकासँगको सन् २००० मा हस्ताक्षर गरिएको 'प्लुटोनियम डिस्पोजल सम्झौता' औपचारिक रूपमा समाप्त गर्ने कानूनमा हस्ताक्षर गर्नुभएको छ। उक्त सम्झौताले दुवै राष्ट्रलाई सैन्य प्रयोजनका लागि आवश्यक नभएको ३४ टन हतियार-ग्रेड प्लुटोनियम नष्ट गर्न बाध्य बनाएको थियो।

### अफगानिस्तानमा भूकम्प, २० जनाको मृत्यु, तीन सय भन्दा बढी घाइते

अफगानिस्तान, १७ कात्तिक (रासस/एएफपी)।

उत्तरी अफगानिस्तानमा आएको ६.३ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा कम्तीमा परी २० जनाको मृत्यु भएको अधिकारीहरूले सोमबार बताएका छन्। अमेरिकी भूगर्भीय सर्वेक्षणका अनुसार अफगानिस्तानको मजार-ए-सरिफ सहर नजिकै २८ किलोमिटर गहिराइमा उक्त भूकम्प गएको थियो। स्वास्थ्य मन्त्रालयका प्रवक्ता सराफत जमानले घटनाको पुष्टि गर्दै भूकम्पका कारण बल्ख र समङ्गान प्रान्तमा ३२० जना घाइते भएको बताउनु भएको छ।

अफगानिस्तानको उत्तरी सहर मजार-ए-सरिफका बासिन्दाहरू आफ्ना घरहरू भूकम्पले ढल्ने डरले सडकमा उत्रिएको एएफपीले जनाएको छ। प्रभावित क्षेत्र देखि करिब ४२० किलोमिटर टाढाको राजधानी काबुलका संवाददाताहरूले पनि कम्पन महसुस गरेको बताएका छन्। पहाडी अफगानिस्तानका कमजोर सञ्चार सञ्जाल र पूर्वाधारले उद्धार प्रक्रियामा बाधा पुऱ्याएकाले अधिकारीहरूलाई प्रभावित क्षेत्रमा पुग्न असहज भएको जनाइएको छ।

यो तालिबान सरकारका लागि पछिल्लो प्राकृतिक प्रकोप हो, जसले सन् २०२१ मा अफगानिस्तान कब्जा गरेदेखि तिनवटा ठूला घातक भूकम्पहरूको सामना गरेको छ। अगस्टमा, देशको पूर्वमा ६.०-म्याग्निच्युडको भूकम्पले पहाडी गाउँहरू नष्ट गर्नु का साथै दुई हजार २०० भन्दा बढीको ज्यान लिएको थियो। सन् २०२३ मा इरानी सीमा नजिकैको पश्चिमी हेरात र सन् २०२२ मा पूर्वी नङ्गरहार प्रान्तमा ठूलो भूकम्पले सयौंको ज्यान लिनुका साथै हजारौं घरहरू ध्वस्त पारेको थियो। संयुक्त राष्ट्र संघ र सहायता एजेन्सीहरूले अफगानीस्तानमा भोकमरी बढिरहेको चेतावनी दिएका छन्। अफगानिस्तान खडेरी, बैङ्किङ क्षेत्रमा आर्थिक प्रतिबन्ध र छिमेकी इरान र पाकिस्तानबाट लाखौं अफगान नागरिकहरू निरन्तर स्वदेश फर्कका कारणले मानवीय सङ्कटबाट ग्रस्त भएको जनाइएको छ।

# छापाखानासम्बन्धी नियमावलीमा समावेश केही प्रावधानप्रति महासंघको असहमति

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ कात्तिक ।**
नेपाल पत्रकार महासङ्घले सरकारले छापाखाना र प्रकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ मा समावेश कतिपय प्रावधानप्रति असहमति जनाएको छ ।

महासङ्घले आइतबार विज्ञप्ति जारी गरी नियमावलीका कतिपय व्यवस्था स्वतन्त्र प्रेसविरोधी देखिएको भन्दै असहमति जनाएको हो ।

महासङ्घले भनेको छ, "निःशुल्क दर्ता र नवीकरण हुँदै आएकामा शुल्क थोपर्ने, अनुगमन तथा निरीक्षण स्थानीय अधिकारीले पनि गर्ने भन्ने नियन्त्रणमुखी प्रावधान, दर्ता भएका अनलाइनको प्रमाणपत्र रद्द गर्न तीनवटा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने अव्यवहारिक प्रावधान, एउटै ऐनअन्तर्गत दर्ता भएका पत्रपत्रिका नवीकरण गर्न नपर्ने तर अनलाइन हरेक वर्ष नवीकरण गर्न पर्ने विभेदकारी प्रावधान छन् ।"

महासङ्घले स्वतन्त्र प्रेसविरोधी उल्लेखित प्रावधानहरू तत्काल सच्याउन सरकारसँग जोडदार माग पनि गरेको छ ।

# सङ्घीय सरकारसँग सहकार्य गरेर अघि बढ्ने मुख्यमन्त्रीहरूको प्रतिबद्धता

काठमाडौं, १७ कात्तिक (रासस) ।
प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचनको वातावरण निर्माणका लागि आह्वान गर्नुभएको सातै प्रदेशका मुख्यमन्त्रीहरूसँगको बैठक सम्पन्न भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकमा सातै प्रदेशका मुख्यमन्त्रीहरूले निर्वाचनको वातावरण निर्माणका लागि सङ्घ सरकारसँग सहकार्य गर्न प्रतिबद्ध रहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले राजनीतिक दलसहित सबै पक्षसँग संवाद र छलफल अघि बढाएकामा सराहना गर्दै उहाँहरूले निर्वाचनका पक्षमा वातावरण बनाउन यो कदम फलदायी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

मुख्यमन्त्रीहरूले शान्ति सुरक्षाको विषय निर्वाचनको प्रमुख चुनौती रहेकाले यसमा गम्भीरताका साथ लाग्नुपर्ने धारणा राख्नुभएको थियो । सङ्घ, प्रदेश र स्थानीय सरकारले आपसी सहकार्य, समन्वय र सहअस्तित्वको भावनासहित काम गरेमा तोकिएकै मितिमा निर्वाचन गर्न सकिने उहाँहरूको भनाइ थियो ।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भन्नुभयो, "म एमालेको प्रतिनिधित्व गर्छु । हामी चुनावका विरोधी होइनौं, तर चुनावको वातावरण बनाउन सङ्घ सरकार लागोस् र त्यसमा हाम्रो भूमिकालाई पनि नबिर्सोस् । अबको निकास चुनाव नै हो ।"

यस्तै, 'जेनजी' प्रदर्शनका क्रममा क्षति पुगेका संरचना पुनर्निर्माणका लागि सङ्घ सरकारले नै 'प्याकेज' ल्याउनुपर्ने मुख्यमन्त्रीहरूले सुझाव दिनुभएको छ । उहाँहरूले खर्च कटौतीका लागि सङ्घीय सरकारले गरेको परिपत्रले प्रदेश सरकारको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको हो कि भन्ने आशङ्का उत्पन्न भएको पनि बताउनुभएको थियो ।

सङ्घ सरकारले कानुनले तोकेभन्दा बढी सहयोगी र सल्लाहकार राख्न नपाउने, रु १० लाखभन्दा माथिका योजनाको ठेक्कामा अनिवार्य बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराउनुपर्नेजस्ता मार्गदर्शन गरेको थियो ।

'जेनजी' प्रदर्शनपछि उत्पन्न परिस्थितिका बीच गठित सरकारले न्यायिक, प्रशासनिक सुधारका काम नगरेको तर प्रदेशका राजनीतिक पदाधिकारीको सुविधामा मात्र लक्षित गरी परिपत्र गरेको हो कि भन्ने आशङ्का रहेको पनि मुख्यमन्त्रीको बताउनुभएको थियो ।

मधेस प्रदेशका मुख्यमन्त्री जीतेन्द्रप्रसाद सोनार (सोनल)ले खडेरी र अतिवृष्टिबाट प्रभावित किसानका लागि राहत घोषणा गर्न माग गर्नुभयो ।

मुख्यमन्त्रीहरूले 'डेडिकेटेड फिडर'को बक्यौता नबुझाउने उद्योगको बिजुलीको लाइन काट्ने निर्णयले उद्योगका साथै मजदुर र सरकारको राजस्वमा असर पर्नेतर्फ पनि ध्यानाकर्षण गराउनुभएको थियो ।

प्रधानमन्त्री कार्कीले पनि राजनीतिक दल नै यस व्यवस्थाकावाहक भएकाले जतिसक्दो छिटो निर्वाचन गरी दलीय सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर रहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ ।

# निर्वाचनमय वातावरण बनाउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुन्छ : कार्यवाहक प्रमुख आयुक्त

काठमाडौं, १७ कात्तिक (रासस) ।
निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मुलुकमा निर्वाचनमय वातावरण बनाउन सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका हुने बताउनुभएको छ ।

आयोगको कार्यालयमा सोमबार राष्ट्रिय समाचार समिति (रासस) को व्यवस्थापन र राससकर्मीसँग आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनका सन्दर्भमा छलफल गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले विकट क्षेत्रका हरेक पेसाका नागरिकसम्मलाई सही सूचना दिएर निर्वाचनको महत्त्व र आवश्यकताबारे प्रचारप्रसार गर्न आग्रह गर्नुभयो ।

"मुलुकमा निष्ठापूर्वक निर्वाचन सम्पन्न हुने वातावरण सृजना गर्न र त्यसरूपमा निर्वाचन भएको सन्देश देश विदेशमा फैलाउन रासजस्ता समाचार समितिको अझ बढी भूमिका रहन्छ । त्यस काममा विगतमा झैं रासस अग्रसर हुने विश्वास आयोगले लिएको छ", कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो, "अहिलेको निर्वाचन विशेष परिस्थितिको निर्वाचन भएकाले यस पक्षलाई मनन् गरेर निर्वाचन तयारी, सुरक्षा, मतदाता शिक्षालगायत विषयमा सही समाचार दिन उत्तिकै आवश्यक छ ।"

निर्वाचन आयुक्तहरू डा जानकीकुमारी तुलाधर, सगुनशमशेर जबरा, आयोगका सचिव माहादेव पन्थसहित सहभागी छलफलमा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउने सन्दर्भमा आयोग र राससबीचको सहकार्य बढाउने विषयमा छलफल भएको थियो । सो अवसरमा राससका महाप्रबन्धक सन्दीप राईले लोकतन्त्रको प्राणका रूपमा रहेको निर्वाचनको वातावरण बनाउन राससले आफ्नो ठाउँबाट निरन्तर भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

छलफलमा आयोगका सहसचिवहरू नारायणप्रसाद भट्टराई, यज्ञप्रसाद भट्टराई, राजेन्द्र केसी, राससका लेखाशाखा प्रमुख रुद्रमणि अधिकारी, प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने, वरिष्ठ समाचारदाता प्रकाश सिलवाललगायत सहभागी हुनुहुन्थ्यो ।

# वीरगञ्ज नाका हुँदै तीन महिनामा आठ अर्ब ७० करोडका सवारीसाधन भित्रियो

पर्सा, १७ कात्तिक (रासस) ।
वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनामा रु आठ अर्ब ७० करोड मूल्य पर्ने विभिन्न थरिका सवारीसाधन भित्रिएका छन् । वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको तीन महिनामा सवारीसाधनको आयातबाट रु सात अर्ब ७७ करोड राजस्व सङ्कलन भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा सवारीसाधनको आयात र सोबाट प्राप्त हुने राजस्व दुवैमा वृद्धि भएको जानकारी दिनुभयो ।

जबकी गत आवको तीन महिनामा भने रु छ अर्ब १९ करोड मूल्य पर्ने विभिन्न थरिका सवारीसाधन आयात भएका थिए । गत आवको तीन महिनामा सवारीसाधनको आयातबाट पाँच अर्ब ९५ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको तीन महिनामा रु तीन अर्ब ४१ करोड मूल्य पर्ने २४ हजार नौ सय ३९ वटा अनएसेम्बल्ड मोटरसाइकल आयात भएको छ । ती अनएसेम्बल्ड मोटरसाइकलको आयातबाट तीन अर्ब २८ करोड राजस्व सङ्कलन भएको छ ।

त्यस्तै गत आवको तीन महिनाको अवधिमा भने रु दुई अर्ब ४९ करोड मूल्य पर्ने १९ हजार चार सय ८९ अनएसेम्बल्ड मोटरसाइकल आयात भएको थियो । चालु आवको तीन महिनामा रु ६२ करोड २४ लाख मूल्य पर्ने तीन सय ३० जीप, कार र भ्यानको आयात भएको छ ।

ती सवारीसाधनको आयातबाट रु एक अर्ब ७५ करोड राजस्व सङ्कलन भएको छ । गत आवको तीन महिनाको अवधिमा भने रु ७६ करोड ५८ लाख मूल्य पर्ने चार सय ३२ जीप, कार र भ्यानको आयात भएको थियो । सो आवमा ती सवारीसाधनको आयातबाट भने रु एक अर्ब ९६ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको तीन महिनामा वीरगञ्ज नाका हुँदै रु ६८ करोड ५ लाख मूल्य पर्ने दुई सय २९ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । ती विद्युतीय जीप, कार र भ्यान आयातबाट ४५ अर्ब ७२ लाख राजस्व सङ्कलन भएको छ ।

गत आवको तीन महिनाको अवधिमा भने वीरगञ्ज नाका हुँदै रु १४ करोड ४९ लाख मूल्य पर्ने ९७ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको थियो । सो अवधिमा विद्युतीय सवारीसाधनआयातबाट रु नौ करोड ११ लाख मात्रै राजस्व सङ्कलन भएको थियो ।

# एक दिनअघि गरिएको सहमतिमा नर्सहरूको विरोध, फेरि आन्दोलन थाल्ने चेतावनी

काठमाडौं, १७ कात्तिक (रासस) ।
शनिबार मात्रै सरकारसँग सहमति गरी आन्दोलन स्थगित गर्ने घोषणा गरेको नेपाल नर्सिङ सङ्घले आफूले उठाएका सबै माग सम्बोधन नभएको भन्दै पुनः आन्दोलन सुरु गर्ने चेतावनी दिएको छ ।

आइतबार एक विज्ञप्ति जारी गर्दै सङ्घले नर्सका माग सम्बोधन गर्न स्वास्थ्य मन्त्रालयमा शनिबार भएको छलफलमा सरकारी पाँचौं तह बराबरको तलब दिनेलगायत सहमति भएको पनि यसबाहेकका बुँदामा आन्दोलनरत पक्षको आपत्ति रहेको जनाएको छ ।

आन्दोलनरत नर्स र सङ्घबीच आइतबार बसेको आकस्मिक छलफलले आन्दोलनका कार्यक्रम पूर्वयोजनाअनुसार जारी राख्दै ४८ घण्टाभित्र माग पूरा गर्न सरकारलाई अल्टिमेटम दिइएको सङ्घकी महासचिव डा देवकाकुमारी आचार्यद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । माग सम्बोधन नभएमा सरकारी, निजी, गैरसरकारी, मेडिकल कलेज तथा प्रतिष्ठानमा अत्यावश्यकबाहेक सम्पूर्ण नर्सिङ सेवा देशव्यापी ठप्प पार्ने सङ्घले चेतावनी दिएको छ ।

यद्यपि, आइतबार नै स्वास्थ्य मन्त्रालयले विज्ञप्ति सार्वजनिक गर्दै आन्दोलनरत नर्सिङ सङ्घ, अफिन एवं निजी मेडिकल तथा डेन्टल कलेज एसोसिएसनका प्रतिनिधिबीच सहमति भएको भन्दै सहमतिका मुख्य बुँदा सार्वजनिक गरेको छ ।

असन्तुष्ट नर्सका सन्दर्भमा समितिले एक महिनाभित्र आपसी छलफलका माध्यमबाट दीर्घकालीन समाधान हुने गरी सम्बोधन गर्ने मन्त्रालयले जनाएको छ । "आफ्नो काममा फर्किनुहुन र सहमति कार्यान्वयन गर्न सक्रिय योगदानसहित पृष्ठपोषण गर्नुहुने अनुरोध गर्दछौं," मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।


भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*